चिचिला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

चिचिला, संखुवासभा
कोशी प्रदेश, नेपाल

## १६ औं गाउँसभा बैठक उपस्थिति

बैठक मिति: २०८१/०३/०९ बैठक सङ्ख्या: १

बैठक प्रारम्भ समय: १०: ११ बजे बैठक समापन समय: ५:०० बजे

| | | | | | |
|---|---|---|---|---|---|
| १६. | सदस्य | सदस्य | श्री संझना दर्जी | संझना | |
| १७. | सदस्य | सदस्य | श्री पेम्बा ल्हामु शेर्पा | | |
| १८. | सदस्य | सदस्य | श्री पेमा रिन्जीन शेर्पा | [signature] | |
| १९. | सदस्य | सदस्य | श्री जंग बहादुर राई | [signature] | |
| २०. | सदस्य | सदस्य | श्री श्रीराम राई | [signature] | |
| २१. | सदस्य | सदस्य | श्री पदम बहादुर राई | [signature] | |
| २२. | सदस्य | सदस्य | श्री मन्दिरा दर्जी | मन्दिरा | |
| २३. | सदस्य | सदस्य | श्री निर्मला वर्देवा | निर्मला | |
| २४. | सदस्य | सदस्य | श्री राजधन गुरुङ | [signature] | |
| २५. | सदस्य | सदस्य | श्री किशोर कुमार गुरुङ | [signature] | |
| २६. | सदस्य | सदस्य | श्री मैरानी राई | [signature] | |
| २७. | सदस्य | सदस्य | श्री रुपेन्द्र लिम्वु | [signature] | |
| २८. | सदस्य | सदस्य | श्री तुलमान गुरुङ | [signature] | |
| २९. | सदस्य सचिव | प्रमुख प्रशासकीय अधिकृत | श्री सन्तोष राई | [signature] | |

चिचिला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

चिचिला, संखुवासभा
कोशी प्रदेश, नेपाल

## १६ औं गाउँसभा बैठक उपस्थिति

बैठक मिति: २०८१/०३/०९ बैठक सङ्ख्या: १

बैठक प्रारम्भ समय: १०: ११ बजे बैठक समापन समय: ५:०० बजे

| | | | | | |
|---|---|---|---|---|---|
| ३०. | आ.सदस्य | सूचना प्रविधि अधिकृत | श्री जोशन गुरुङ | [signature] | |
| ३१. | आ.सदस्य | कम्प्युटर अपरेटर | श्री उमेश घले | [signature] | |
| ३२. | आ.सदस्य | शिक्षा अधिकृत | श्री वासु कोइराला | [signature] | |
| ३३. | आ. सदस्य | स्वास्थ्य शाखा प्रमुख | श्री जुद्ध बहादुर राई | [signature] | |
| ३४. | आ. सदस्य | भेटरीनरी शाखा प्रमूख | श्री दिर्घमान राई | | |
| ३५. | आ. सदस्य | भौतिक पुर्वाधार शाखा प्रमुख | श्री विशाल कटुवाल | | |
| ३६. | आ.सदस्य | विद्यालय सुपरिवेक्षक | श्री महेन्द्र राई | [signature] | |
| ३७. | आ. सदस्य | कृषी शाखा प्रमुख | ~~श्री अमृता पौडेल~~ Sanjeeb Rasai | [signature] | |
| ३८. | आ. सदस्य | रोजगार संयोजक | श्री लुकेश कुमार घले | [signature] | |
| ३९. | आ. सदस्य | योजना शाखा प्रमुख | श्री ~~दिलिप कुमार साह~~ ज्ञान विक्रम राई | [signature] | |
| ४०. | आ. सदस्य | पञ्जिकरण शाखा प्रमुख | श्री रमिला चापागाई | [signature] | |
| ४१. | आ. सदस्य | आर्थिक प्रशासन प्रमुख | श्री नवराज कटुवाल | [signature] | |
| ४२. | आ. सदस्य | आन्तरिक लेखा परिक्षक | श्री उज्वल बस्नेत | | |
| ४३. | आ. सदस्य | स्टोर शाखा प्रमुख | श्री प्रभा राई | [signature] | |
| ४४. | आ.सदस्य | महिला विकास शाखा प्रमुख | श्री देवका केशी | [signature] | |

CamScanner

चिचिला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

चिचिला, संखुवासभा
कोशी प्रदेश, नेपाल

## १६औं गाउँसभा बैठक उपस्थिति

बैठक मिति: २०८१/०३/०९
बैठक प्रारम्भ समय: १०: ११ बजे
बैठक सङ्ख्या: १
बैठक समापन समय: ५:०० बजे

| | | | | | |
|---|---|---|---|---|---|
| ४५. | आ. सदस्य | सब इन्जिनियर | श्री कमला केशी | | |
| ४६. | आ.सदस्य | खा.प.स.टे. | श्री रुद्र बहादुर घिमिरे | | |
| ४७. | आ.सदस्य | अ.स.ई | श्री प्रविन कर्माचार्य | | |
| ४८. | आ.सदस्य | अ.स.ई | श्री ज्ञान बहादुर तामाङ | | |
| ४९. | आ.सदस्य | अ.स.ई | श्री दावा साङ्गे शेर्पा | | |
| ५०. | आ.सदस्य | ~~फिल्ड सहायक~~ एम.आई.एस. अपरेटर | श्री लोकेन्द्र बहादुर राई | | |
| ५१. | आ.सदस्य | मे.ड.पा. | श्री रिता रेउले | | |
| ५२. | आ. सदस्य | रोजगार सहायक | श्री बिनिका पौडेल | | |
| ५३. | आ. सदस्य | सब इन्जिनियर | श्री राज राई | | |
| ५४. | आ.सदस्य | अ.स.ई | श्री मनिकुमार राई | | |
| ५५. | आ.सदस्य | रोजगार प्राविधिक | श्री जितेन्द्र राई | | |
| ५६. | आ.सदस्य | अ.स.ई | श्री गौरब थापा | | |
| ५७. | आ.सदस्य | स्टाफ नर्स | श्री सिता गुरुङ | | |
| ५८. | आ.सदस्य | अ.न.मी | श्री हिरा गुरुङ | | |
| ५९. | आ.सदस्य | ईलेक्ट्रिसियन | श्री गोविन गुरुङ | | |
| ६०. | आ. सदस्य | वरिष्ठ गाउँ प्रहरी | श्री सरोज गुरुङ | | |
| ६१. | आ.सदस्य | गाउँ प्रहरी | श्री सुरेश गुरुङ | | |

CamScanner

चिचिला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
चिचिला, संखुवासभा
कोशी प्रदेश, नेपाल

१६ औं गाउँसभा बैठक उपस्थिति

बैठक सङ्ख्याः १

बैठक मितिः २०८१/०३/०९

बैठक समापन समयः ५:०० बजे

बैठक प्रारम्भ समयः १०: ११ बजे

| | | | | | |
|---|---|---|---|---|---|
| ६२. | आ.सदस्य | कार्यालय सहयोगी | श्री दिलराज पौडेल | [signature] | |
| ६३. | आ.सदस्य | कार्यालय सहयोगी | श्री तेज बहादुर राई | [signature] | |
| ६४. | आ.सदस्य | कार्यालय सहयोगी | श्री शसी वुढाथोकी | [signature] | |
| ६५. | आ.सदस्य | कार्यालय सहयोगी | श्री भिमलाल गुरुङ | [signature] | |
| ६६. | आ.सदस्य | सवारी चालक | श्री लाक्पा वइदी शेर्पा | | |
| ६७. | आ.सदस्य | सवारी चालक | श्री शान्तिराम गुरुङ | [signature] | |
| ६८. | आ.सदस्य | सवारी चालक | श्री ख्याम राज राई | | |
| ६९. | | DSF | श्री पासाङ शेर्पा | [signature] | |
| ७०. | | नगब प्राविधिक सहायक | [illegible] नेपाली | [signature] | |
| ७१. | | ना.प्रा.स | लाक्पा देकी शेर्पा | [signature] | |
| ७२. | | कृषि - स्वा.प्र. | [illegible] लिम्बु | [signature] | |
| ७३. | | [illegible] | [illegible] | [signature] | |
| ७४. | | ना.प्र.नि | पेम डोमा शेर्पा | [signature] | |
| ७५. | | | | | |

CamScanner

चिचिला गाउँपालिका

# गाउँ सभा

चिचिला, सङ्खुवासभा
कोशी प्रदेश, नेपाल

## १६ औं गाउँसभा बैठक निर्णय

बैठक सङ्ख्याः १

बैठक मितिः २०८१/०३/०९

बैठक प्रारम्भ समयः ११:०० बजे

बैठक समापन समयः ५:०० बजे

आजका दिन बसेको यस गाउँसभाको बैठकले कार्यसूचीका आधामा छलफलबाट गरिएका सर्वसम्मत निर्णयहरूको मुख्य व्यहोरा निम्न बमोजिम छन्:

१. आगामी आर्थिक वर्ष २०८१/०८२ को लागि अनुसूची-१ वार्षिक नीति तथा कार्यक्रम स्वीकृत गर्ने ।

२. आर्थिक विधेयक, २०८१ स्वीकृती गर्ने ।

३. विनियोजन विधेयक, २०८१ स्वीकृती गर्ने ।

४. चिचिला गाउँपालिकाको न्यायिक समितिले आ.व. २०८०/०८१ मा भएका कार्य सम्पादन पेस भए बमोजिम स्वीकृत गर्ने ।

५. आर्थिक कार्यविधि तथा वितिय उत्तरदायित्व ऐन २०७६ को दफा ४०(३) मा भएको व्यवस्था बमोजिम अर्थ तथा सार्वजनिक लेखा समितिले गाउँकार्यपालिकामा निर्णयार्थ पेश गरेको चिचिला गाउँपालिकामा विभिन्न आ.व.मा लगत कायम भएका अनियमित वेरुजु नियमित गराउने विषयमा अध्ययन गरी अनुसूची-२ बमोजिमका बेरुजु रकमहरूलाई नियमानुसार नियमित/सम्परीक्षण गरी फछ्यौंट गर्ने ।

६. चिचिला गाउँपालिकाको चालु आ.व.२०८०/०८१ को लागि स्वीकृत वजेटवाट अनुसूची-३ बमोजिम शीर्षकहरूमा विनियोजित रकमले भुक्तानी गर्न अपुग भएको हुँदा गाउँपालिकाको आन्तरिक श्रोतबाट भुक्तानी भएका रकमहरूलाई अनुमोदन गर्ने ।

७. चालु आ.व २०८०/०८१ मा गाउँ कार्यपालिका बैठकहरूका निर्णय, संशोधन तथा रकमान्तर भएका योजना तथा कार्यक्रमहरूलाई अनुमोदन गर्ने ।

८. चिचिला गाउँपालिकाको कार्यालयमा विभिन्न सेवाहरूमा कार्यरत सम्पूर्ण करार सेवाका कर्मचारीहरूको कार्य सम्पन्न मूल्याङ्कनका आधारमा ६ महिनाको लागि करारनामा थप गर्ने ।

९. चिचिला गाउँपालिकाको छ्याङ्कुटी देखि देउरालीसम्मका वजार क्षेत्रमा विद्युत प्रसारणलाइनको नाङ्गो तारलाई विस्तावित गरी प्लाष्टिक कभर तार प्रसारण लाइन राख्न जिल्ला विद्युत प्रसारण केन्द्र र प्रदेश विद्युत प्रसारण केन्द्रमा अनुरोध गर्ने ।

१०. चिचिला गाउँपालिकाको आ.व. २०८०/०८१ मा यस कार्यालयबाट विभिन्न प्रयोजनका लागि आह्वान गरिएका बोलपत्र/ठेक्काहरूलाई स्वीकृत गरी अनुमोदन गर्ने ।

११. आ.व. २०८०।०८१ मा सञ्चालन भई सम्पन्न भएका सम्पुर्ण योजना तथा कार्यक्रम,आय तथा व्यय अनुमोदन गर्ने ।

१२. सरकारी तथा अन्य गैरसरकारी संस्थाहरूसँग लागत साझेदारीमा विभिन्न कार्यक्रम तथा योजनाहरू सञ्चालन गर्ने ।

...शेर्पा
अध्यक्ष



CamScanner

चिचिला गाउँपालिका

# गाउँ सभा

चिचिला, सङ्खुवासभा
कोशी प्रदेश, नेपाल

## १६ औं गाउँसभा बैठक निर्णय

| | | | |
|---|---|---|---|
| बैठक मितिः | २०८१/०३/०९ | बैठक सङ्ख्याः | १ |
| बैठक प्रारम्भ समयः | ११:०० बजे | बैठक समापन समयः | ५:०० बजे |

१३. आर्थिक वर्ष २०८१/०८२ का लागि स्वीकृत योजना तथा कार्यक्रमहरु गुणस्तरीयत तथा प्रभावकारी कार्यान्वयनको सुनिश्चितताका स्वीकृत योजनाहरु २०८१ को असोज मसान्तसम्म सम्झौता गर्ने र फाल्गुन मसान्त सम्म भौतिक पूर्वाधार सम्बन्धि योजना तथा कार्यक्रम सम्पन्न गर्ने ।

१४. वडा कार्यालयबाट प्राथमिकता भई आएका तर गाउँपालिकाको बजेटद्धारा सम्बोधन हुन नसकेका योजनाहरु डीपीआर बमोजिम वा लागत अनुमान बमोजिम प्रदेश सरकार तथा सङ्घीय सरकार समक्ष बजेट व्यवस्थापनका लागि सिफारिस गर्ने।

१५.इसुवा हाइड्रोपावर आयोजनाको १३२ के.भी. विद्युत प्रसारणलाइनको हकमा देहाय बमोजिम गर्नेः

(क) १३२ के.भि. प्रसारण लाईन विस्तार गर्दा वातावरणीय, सामाजिक, आर्थिक मानव वस्ती, धार्मिक सांस्कृतिक पक्षलाई असर नपर्ने गरी प्रसारण लाईनको टावर रहने जग्गालाई मात्र नभई प्रसारण लाईनको तारमुनिको जग्गाको फलफूलको बोटबिरुवा, घर टहरा आदिको पूर्ण रुपमा उचित मुआव्जा तथा क्षतिपूर्ति उपलब्ध गराई तारमुनिको **ROW** को लगत कट्टा गरिनु पर्ने ।

(ख) चिचिला गाउँपालिकामा वडामा सरकारी तथा सामुदायिक वन बाहेकको परापूर्वकाल देखि भोगचलन गर्दै आएको हालसम्म पनि बसोबास गर्दै आएको दर्ता छुट रहेका र गाउँपालिकाबाट दर्ता खाली रहेको जग्गा अभिलेखीकरण भएको जग्गालाई समेत उचित मुआब्जा वा अन्य परियोजनामा जस्तैः महाकाली सिंचाई आयोजनामा वितरण गरे अनुरुपले वा जग्गाधनी र आयोजनाको मञ्जुरीमा वितरण गरी यस गाउँपालिकाको जनप्रतिनिधिको रोहबरमा मञ्जुरीनामा बनाई उचित मुआब्जा क्षतिपूर्ति उपलब्ध गराउनु पर्ने ।

(ग) सामाजिक उत्तर दायित्वमा खर्च हुने कुन कुन क्षेत्रमा कति रकम खर्च गर्ने हो सोको विवरण सम्बन्धित चिचिला गाउँपालिकामा लिखित जानकारी उपलब्ध गराई कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनुपर्ने ।

(घ) सामुदायिक वन भित्र कटानी फडानी हुने रुख विरुवा फडानी गर्ने रुखको संख्या र पाउने पैसाको मूल्याङ्कन यस गाउँपालिका र सम्बन्धित वडामा उपलब्ध गराउनुपर्ने । साथै सट्टा भर्नाको लागि जग्गा व्यवस्थापन सम्बन्धित परियोजनाले गर्नुपर्ने ।

(ङ) आयोजना र जग्गा धनीको उचित मुआव्बा निर्धारण भैसके पश्चात चिचिला गाउँपालिका, गाउँ कार्यपालिकाको जनप्रतिनिधिको रोहबरमा मञ्जुरी कायम गरिनुपर्ने ।

(च) यस गाउँपालिकाको हकमा तारमूनिको जग्गालाई १००% वा उचित मुआब्जा वितरण गर्नको आधारहरू ।

(छ) चिचिला गाउँपालिका क्षेत्रमा अरुण तेश्रो हाईटार सितलपाटी ट्रान्समिसन लाईन अपर अरुण, किमाथाङ्का, मकालु गाउँपालिका, भोटखोला गाउँपालिकामा जलविद्युत उत्पादन हुने साना



... शेर्पा
अध्यक्ष

CamScanner

चिचिला गाउँपालिका

# गाउँ सभा

चिचिला, सङ्खुवासभा
कोशी प्रदेश, नेपाल

## १६ औं गाउँसभा बैठक निर्णय

बैठक मिति: २०८१/०३/०९ बैठक सङ्ख्या: १
बैठक प्रारम्भ समय: ११:०० बजे बैठक समापन समय: ५:०० बजे

ठूला जलविद्युत आयोजनाहरूको विद्युत प्रशारण लाईन समेत चिचिला गाउँपालिका भएर जाने निश्चित भईसकेको सन्दर्भमा चिचिला गाउँपालिका तारै तारको मुनि पर्ने भएको हुँदा यस पालिकालाई विशेष अथवा अति प्रभावित क्षेत्र पालिका घोषणा गरी उचित मुआब्जा वितरण गरिनुपर्ने । साथै यस सम्बन्धित सम्पूर्ण विषयहरू सम्बन्धित मन्त्रालय तथा निकायमा समेत लिखित रूपमा ज्ञापन पत्र समेत पेश गरिसकिएको छ ।

(ज) जग्गाधनी र आयोजना बीच लेनदेनको कागजात सम्बन्धित पालिकाको जानप्रतिनिधिको रोहबरमा मञ्जूरीनामा गर्नको कारण पहिलो समयमा कार्य गर्ने बखत अवरोध, विरोध शर्त फेरबदल गर्न नदिई समयमा कार्य सम्पादनमा सहजीकरण गर्ने रोहबरमा बस्ने जनप्रतिनिधिले गरिनुपर्ने ।

(झ) जग्गा मुआब्जा वितरण सम्बन्धी प्रतिशतको आधारमा सार्वजनिक कार्यक्रम गरी वितरण गरिनुपर्ने ।

(ञ) प्रभावित क्षेत्रका जनताहरुलाई उचित प्रतिशतमा शेयर प्रदान गरिनुपर्ने र शेयर लगानी गर्न नसक्ने जनताहरूका लागि सहुलियत ब्याजदरमा बैंक तथा वित्तीय संस्थाबाट ऋण उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्ने ।

(ट) माथि उल्लेखित रायहरू लागू हुने यकिन गरी सकेपश्चात मात्र चिचिला गाउँपालिकाले मुआब्जा वितरणका लागि सिफारिस तथा समन्वय गर्ने ।

१६. मनसुनका कारण बिग्रे भत्केका चिचिला गाउँपालिकाको अनुसूची-५ बमोजिमका सडकहरू Excavator भाडामा लिई मर्मत गरी यातायात आवतजावतका लागि व्यवस्था गर्ने । सोका लागि लागत अनुमानको आधारमा आकष्मिक कोषबाट रकमान्तर गरी भुक्तानी गर्ने ।

१७. चिचिला गाउँपालिकाभित्र विपदजन्य घटनाबाट प्रभावित व्यक्तिहरूलाई विपद व्यवस्थापन कोष (व्यस्थापन तथा सञ्चालन) कोष, २०७५ अनुसार अनुसूची-६ बमोजिम राहत उपलब्ध गराउने ।

१८. चालु आर्थिक वर्ष २०८०/०८१ मा प्रदेश समपूरक अनुदान तर्फ स्वीकृत देहायका आयोजनाहरू प्रचलित कानून अनुसार ठेक्का सम्झौता भई सम्पन्न हुने चरणमा रहेकामा हाल सङ्घीय सरकारबाट स्थानीय तहहरूलाई प्राप्त हुनुपर्ने जति वित्तीय समानीकरण अनुदान बापतको रकम प्राप्त भई नसकेको हुँदा हालका लागि प्रदेश सरकारबाट प्राप्त रकम मात्रै भुक्तानी गर्ने र चिचिला गाउँपालिकाले बेहोर्नु पर्ने लागत साझेदारी बापतको रकम आगामी आ.व.२०८१/०८२ मा भुक्तानी गर्ने ।

तपसिल:

...शेर्पा
अध्यक्ष



CamScanner

चिचिला गाउँपालिका

# गाउँ सभा

चिचिला, सङ्खुवासभा
कोशी प्रदेश, नेपाल

## १६ औं गाउँसभा बैठक निर्णय

बैठक सङ्ख्या: १

बैठक मिति: २०८१/०३/०९

बैठक प्रारम्भ समय: ११:०० बजे

बैठक समापन समय: ५:०० बजे

| क्र.सं. | योजनाको शीर्षक | प्रदेशबाट प्राप्त रकम रु. | गाउँपालिकाले बेहोर्नुपर्ने रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | ईभादेविटार बर्थीङ सेन्टर निर्माण | ७० लाख | २४ लाख ५० हजार | |
| २. | गाउँपालिका स्तरीय कृषि उपज संकलन केन्द्र भवन निर्माण | ५० लाख | १७ लाख ५० हजार | |

१९.चिचिला गाउँपालिकाको साझेदारी कार्यक्रमबाट सञ्चालित योजनाहरू हिरक पार्क र गाउँपालिकास्तरीय ५ शैया अस्पतालको आर्थिक दायित्व आ.व. २०८१/०८२ सार्ने ।

अध्यक्ष



CamScanner

अनुसूची-२

(निर्णय नं.५ सँग सम्बन्धित)

क) आ.व. २०७४/७५ दफा ३१- सुरुमा विनियोजित नभएका तथा गाउँसभाबाट अनुमोदन नभएका गाउँकार्यपालिकाले निर्णय गरेर गरेका तपशिल बमोजिमका खर्चहरू गाउँसभाबाट अनुमोदन गर्नुपर्ने भन्ने विषयको बेरुजु उपर अध्ययन गर्दा सो समयमा कर्मचारी अभाव तथा नयाँ जनप्रतिनिधिहरूसँग बजेट निर्माण तथा रकमान्तर लगायत पर्याप्त कानूनी ज्ञान नभएकोले कानूनी त्रुटि हुन गएको तथा उक्त खर्चहरू ले राज्यलाई कुनै प्रकारको हानी नोक्सानी नभएको पाईएकोले गाउँ कार्यपालिका मार्फत सभामा पेश गरी अनुमोदन गराई बेरुजु फछ्यौंट को लागि महालेखा परीक्षकको कार्यालय समक्ष पेश गर्नको लागि अनुरोध गर्ने ।

तपसिल

-अन्य सेवा शुल्क रु.१,२०,०००।- (रु एक लाख बीस हजार मात्र) ।

-कर्मचारी तथा पदाधिकारी तालिम रु.३,१७,०००।-(रु तीन लाख सत्र हजार मात्र) ।

-विविध कार्यक्रम रु.१,८४,३६७।- (रु एक लाख चौरासी हजार तीन सय सडसठ्ठी मात्र) ।

-जम्मा रु.९,२९,३६७।-(रु नौ लाख उनान्तीस हजार तीन सय सड्सठ्ठी मात्र) ।

ख) आ.व.२०७४/०७५ दफा ३९- कार्यालयले तपसिल बमोजिमको सवारी साधन खरिद गर्दा अर्थ मन्त्रालयको पूर्व स्वीकृति नलिएको तथा आन्तरिक श्रोतबाट समेत खरिद नगरिएको भन्ने विषयको बेरुजुको सम्बन्धमा छलफल तथा अध्ययन गर्दा आ.व.२०७४/०७५ देशमा सङ्घीयता कार्यान्वयनको सुरुवाती चरणमा रहेको सोही बमोजिम स्थापना भएको यस चिचिला गाउँपालिकामा पनि सुरुवाती चरणमा कार्यसम्पादनको लागि अत्यावश्यक सवारी साधन लगायत सम्पूर्ण पूर्वाधार अभाव रहेको साथै स्थानीय तहसँग आन्तरिक राजस्व उठाउने ठोस कार्ययोजना नबनीसकेको र उठेको आन्तरिक राजस्व रकमले सवारी खरिद गर्न अपुग भएकोले अन्य श्रोतबाट खरिद गरिएको साथै उक्त सवारी खरिदमा कुनै प्रकारको अनियमितता तथा राज्यलाई हानी नोक्सानी नभएको पाईएकोले गाउँ कार्यपालिका मार्फत सभामा पेश गरी अनुमोदन गराई बेरुजु फछ्यौंटको लागि महालेखा परीक्षकको कार्यालय समक्ष पेश गर्नेको लागि अनुरोध गर्ने ।

तपसिलः

-महेन्द्रा स्कार्पीयो डिसि४ डब्लु.डि.पिक अप रु.३६,६०,०००।- (रु.छत्तीस लाख साठी हजार मात्र) ।

-पल्सर मोटरसाईकल २२०सिसि रु.२,५६,५४८।- (रु.दुई लाख छपन्न हजार पाँच सय अड्चालीस मात्र) ।

-एस् जेड आर यामाहा १५०सिसि ४ वटा रु.८,६२,६००।- (रु.आठ लाख बैसठ्ठी हजार छ सय मात्र) ।

...नु शेर्पा
अध्यक्ष

CamScanner

-जम्मा रु.४७,७९,१४८।- (रु सत्चालीस लाख उनासी हजार एक सय अड्चालीस मात्र) ।

ग) आ.व. २०७४/०७५ दफा ४३- सोझै खरिद भन्ने विषयको रु.७,३४,८६०।- (रु सात लाख चौतीस हजार आठ सय साठ्ठी मात्र) बेरुजुका सम्बन्धमा अध्ययन तथा छलफल गर्दा कार्यालयले कार्यसम्पादनको शिलशिलामा पटक पटक गरी विभिन्न औषधि तथा मेशिनरीका सामग्री खरिद गरी ल्याएको कारण सोझै खरीदको सीमा पार भएको र उक्त कार्य जानाजान नभएको साथै खरिद इकाइबाट पुन त्यस्ता प्रकृतिका बेरुजु नदोहोराउने प्रतिबद्धता सहित उक्त खरिद कार्यबाट राज्यलाई कुनै हानी नोक्सानी तथा अनियमितता नभएको पाइएकोले गाउँ कार्यपालिका मार्फत सभामा पेश गरी अनुमोदन गराई रु.७,३४,८६०।-(रु.सात लाख चौतीस हजार आठ सय साठी मात्र) बेरुजु फछ्यौंटको लागि महालेखा परीक्षकको कार्यालय समक्ष पेश गर्नको लागि अनुरोध गर्ने ।

घ) आ.व.२०७४/०७५ दफा ६०- बिना प्रतिस्पर्धा खरिद भन्ने विषयको रु.३०,५५,५१८.९५ (रु.तीस लाख लाख पचपन्न हजार पाँच सय अठार पैसा पन्चानब्बे मात्र) बेरुजुका सम्बन्धमा अध्ययन तथा छलफल गर्दा कार्यालयले कार्यसम्पादनको शिलशिलामा पटक पटक गरी विभिन्न फर्निचर तथा मेशिनरीका सामग्री कोटेशन मार्फत खरिद गरी ल्याएको कारण सोझै खरीदको सिमा पार भएको र उक्त कार्य जानाजान नभएको साथै खरिद इकाइ बाट पुन त्यस्ता प्रकृतिका बेरुजु नदोहोराउने प्रतिबद्धता सहित उक्त खरिद कार्यबाट राज्यलाई कुनै हानी नोक्सानी तथा अनियमितता नभएको पाइएकोले गाउँकार्यालिका- मार्फत सभामा पेश गरी अनुमोदन गराई रु.३०,५५,५१८.९५(रु.तीस लाख लाख पचपन्न हजार पाँच सय अठार पैसा पन्चानब्बे मात्र) बेरुजु फछ्यौंटको लागि महालेखा परीक्षकको कार्यालय समक्ष पेश गर्नको लागि अनुरोध गर्ने ।

ङ) आ.व.२०७४/०७५ दफा २९ श्रेस्ता पेश नभएको भन्ने विषयको बेरुजुका सम्बन्धमा अध्ययन गर्दा तपसिलका योजनाहरूको श्रेस्ता अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पेश गरेको कारण लेखा परीक्षणको क्रममा लेखापरीक्षण गराउन नसकी पुरै रकम अनियमित बेरुजुमा लगत कायम भई आएको देखिएकोले गाउँ कार्यपालिका मार्फत कार्यदल निर्माण गरी उक्त समयमा कार्यरत कार्यालय प्रमुख, योजना शाखा प्रमुख, लेखा प्रमुख तथा प्राविधिक समेतसँग राय सल्लाह गरी श्रेस्ताको खोजी गरी आगामी लेखापरीक्षण डोरबाट अन्तिम लेखापरीक्षण गराई नियमित गरी बेरुजु फछ्यौंट गर्ने प्रयोजनको लागि सिफारिस गर्ने ।

<u>तपसिलः</u>

- चिचिला आरुवोटे डेवा बजारं सडक निर्माण उपभोक्ता समिति ३ वटा विलको रु. ५७,३०,९७४।- (रु.सन्ताउन्न लाख त्रिहत्तर हजार नौ सय चौरहत्तर मात्र) ।
- कुवापानी तिनघंरे वडा कार्यालय सडक निर्माण उपभोक्ता समिति रु.९,३७,८००।- (रु.नौ लाख त्रिहत्तर हजार आठ सय मात्र) ।

अध्यक्ष

- साथै उक्त शीर्षकको बेरुजु रकमको जोड गर्दा भूलवश प्रतिवेदनमा रु १००९,८०० बढि जोड भएको देखिएकोले सो सम्परीक्षणको लागि महालेखा परीक्षकको कार्यालयमा अनुरोध गर्ने गाउँकार्यपालिका मार्फत सभा समक्ष अनुरोध गर्ने ।

च) आ.व २०७५/०७६ दफा १२- हेभी मेशिनबाट कार्य गराएको भनी विभिन्न २५ वटा उपभोक्ता समिति मार्फत संचालित योजनाहरूको बेरुजु उल्लेख भई आएको सम्बन्धमा छलफल तथा अध्ययन गर्दा तत्कालको समयमा गाउँपालिकाको कुनै पनि वडा कार्यालयहरू तथा समुदायमा आवतजावत गर्ने सडकको व्यवस्था नभएको साथै मानिसबाट कार्य गराउँदा कार्य सम्पादन समयमा नहुने भएकोले मेशिन प्रयोग गरी सडक निर्माण गरिएको देखिन आएकोले उपभोक्ताको काममा मेशिन प्रयोग गरेको नियमसम्मत नदेखिए पनि उक्त समयमा गाउँपालिकाको विकास निर्माण योजनामा सहयोग पुगेको धरै उपभोक्ताहरू लाई सडक [illegible]

[illegible]

छ) आ.व.२०७५/०७६ दफा ६४.१ र ६४.२- सोझौ खरिद गरिएको नियमित गर्नुपर्ने बेरुजुको सम्बन्धमा अध्ययन तथा छलफल गर्दा कार्यालयले आर्यन ट्रेडर्सबाट विभिन्न मितिमा रु.८,२९,२२९।-(आठ लाख उनान्तीस हजार दुई सय उनान्तीस मात्र) बराबरको पाईप खरिद गरीएको र उक्त पाईप विपद्को समयमा अवरुद्ध भएका खानेपानी योजनाबाट प्रभावित समुदायको खानेपानी आपुर्तिको लागि तत्काल खरिद गर्नुपर्ने वाध्यताका कारण खरिद गरीएको उक्त खरिदबाट राज्यलाई कुनै हानि नोक्सानी नभई मानवीय सेवा प्रवाह भएको देखिएकोले साथै पुजा आधुनिक फर्निचरबाट वर्ष भरिमा पटक पटक गरी रु.५,८२,२८९।- (रु.पाँच लाख बयासी हजार दुई सय उनान्नब्बे मात्र) बराबरको कार्यालय फर्निचर खरिद गरेको देखिएकोमा उक्त खरिद कार्य एकै पटकमा सिमा भन्दा बढी खरिद नभई पटक पटक गर्दा भूलवश सिमा पार भएको र उक्त खरिदबाट राज्यलाई कुनै प्रकारको हानी नोक्सानी नभई सेवा प्रवाह थप सहज भएको देखिएकोले गाउँ कार्यपालिका मार्फत सभामा पेश गरी अनुमोदन गराई बेरुजु फछ्यौंटको लागि महालेखा परीक्षकको कार्यालय समक्ष पेश गर्नको लागि अनुरोध गर्ने ।

ज) आ.व.२०७६/०७७ दफा-३१ सोझै खरिद भन्ने विषयको रु.१२,९२,६३१।- (रु.बाह्र लाख बयानब्बे हजार छ सय एकतीस मात्र) बेरुजुका सम्बन्धमा अध्ययन तथा छलफल गर्दा कार्यालयले कार्यसम्पादनको शिलशिलामा पटक पटक गरी विभिन्न छपाई, मर्मत तथा कार्यलय सामग्री खरिद गरी ल्याएको कारण सोझै खरिदको सिमा पार भएको र उक्त कार्य जानाजान नभएको साथै खरिद इकाईबाट पुन त्यस्ता प्रकृतिका बेरुजु नदोहोराउने प्रतिबद्धता सहित उक्त खरिद कार्यबाट राज्यलाई कुनै हानी नोक्सानी तथा अनियमितता नभएको पाइएकोले गाउँ कार्यपालिका मार्फत सभामा पेश गरी अनुमोदन गराई रु.

नुर्बु शेर्पा
अध्यक्ष

CamScanner

१२९२६३१।- (रु.बाह्र लाख बयानब्बे हजार छ सय एकतीस मात्र) बेरुजु फछ्र्यौटको लागि महालेखा परीक्षकको कार्यालय समक्ष पेश गर्नको लागि अनुरोध गर्ने ।

झ) आ.ब. २०७६/०७७ दफा ६६ अन्तर्गत आ.ले.प.बाट देखिएको खर्च शीर्षक फरक पारी खर्च लेखिएको नियमित गराउनुपर्ने विषयको रु.५,४७,७३५।- (रु.पाँच लाख सत्चालीस हजार सात सय पैतीस मात्र) बेरुजुको विषयमा छलफल तथा अध्ययन गर्दा कार्यालयमा विनियोजित सम्बन्धित शीर्षकको रकम अपुग भएको र संघीय लोकसेवा मार्फत २०७६ मा नयाँ कर्मचारीहरू नियुक्त भई आएको बखत अत्यावश्यक सेवा प्रवाह गर्नको लागि कम्प्युटर तथा ल्यापटपको अभाव भई खरिद गर्नु परेकोले फरक शीर्षकबाट खरिद गरी तापनि उक्त कार्यबाट राज्यलाई कुनै हानी नोक्सानी नभई सेवा प्रवाहमा थप सहजता आएको देखिएकोले गाउँ कार्यपालिका मार्फत सभामा पेश गरी अनुमोदन गराई बेरुजु फछ्र्यौटको लागि महालेखा परीक्षकको कार्यालय समक्ष पेश गर्नको लागि अनुरोध गर्ने ।

ञ) आ.ब.२०७६/०७७ दफा ६६ अन्तर्गत आ.ले.प.बाट देखिएको खर्च शीर्षक फरक पारी खर्च लेखिएको नियमित गराउनुपर्ने विषयको रु.४,८६,६८६।- (रु.चार लाख छयासी हजार छ सय छयासी मात्र) बेरुजुको विषयमा छलफल तथा अध्ययन गर्दा कार्यालयमा विनियोजित सम्बन्धित शीर्षकको रकम अपुग भएको र संघिय लोकसेवा मार्फत २०७६मा नयाँ कर्मचारीहरू नियुक्त भई आएको बखत अत्यावश्यक सेवा प्रवाह गर्नको लागि कम्प्युटर तथा ल्यापटपको अभाव भई खरिद गर्नुपरेको फरक शीर्षकबाट खरिद गरिए तापनि उक्त कार्यबाट राज्यलाई कुनै हानी नोक्सानी नभई सेवा प्रवाहमा थप सहजता आएको देखिएकोले गाउँ कार्यपालिका मार्फत सभामा पेश गरी अनुमोदन गराई बेरुजु फछ्र्यौटको लागि महालेखा परीक्षकको कार्यालय समक्ष पेश गर्नको लागि अनुरोध गर्ने ।

ट) आ.ब.२०७७/०७८ दफा-३७ पेश्की बैङ्क जमानत पेश्की फर्छ्यौंट हुनुभन्दा एक महिना बढि अवधिको हुनुपर्नेमा कार्यालयको प्रशासनिक भवन निर्माण कार्यको निर्माण कम्पनी श्री कुन्सालिङ्ग अरुण बरुण जेभिको रु.१०,००,०००।- (दश लाख मात्र) पेश्की बाँकी रहेको तर बैङ्क जमानत सकिएकोले जमानत थप गर्नुपर्ने विषयको बेरुजु उपर अध्ययन तथा छलफल गर्दा उक्त निर्माण कम्पनीको जमानत २०७८/०३/२५ मा सकिएको र पुनः कम्पनीले मिति २०७९/०५/१३ मा (रु.दश लाख मात्र) बराबरको जमानत मिति २०७९/०६/१४ सम्मलाई म्याद थप गरी पेश गरेको देखिन्छ साथै निर्माण कम्पनीले निर्माण सम्पन्न गरी फरफारकको लागि मिति २०७९/०६/११ च.न.१२ को पत्र साथ अनुरोध गरेको देखिन्छ, उक्त पत्र कार्यालयमा मिति २०७९/०६/१२ मा दर्ता नं.९८१ मा दर्ता भएको देखिन्छ । गाउँपालिकाको प्रशासनिक भवन निर्माणको क्रममा अख्तियार दुरपयोग अनुसन्धान आयोग इटहरीमा मुद्दा भएको र अनुसन्धानको क्रममा रही मुद्दा किनारा नलागेको हुँदा कार्यालयले सम्पन्न दिन रोकेको देखिन्छ । मुद्दाको अख्तियार कार्यालयबाट प्राविधिक अनुगमन तथा नापजाँच भए पश्चात कार्यालयले निर्माण कम्पनीको अन्तिम भुक्तानी मिति २०८०/०३/२३ भौ.नं.१८८ बाट गरिसकेको साथै पेश्की फछ्र्यौंट समेत भइसकेको हुनाले उक्त बेरुजु गाउँ कार्यपालिका मार्फत सभामा पेश गरी अनुमोदन

...डनुर्बु शेर्पा
अध्यक्ष

CamScanner

गराई बेरुजु फछ्र्यौटको लागि महालेखा परीक्षकको कार्यालय समक्ष पेश गर्नको लागि अनुरोध गर्ने ।

ठ) आ.व.२०७७/०७८ दफा-३९ पूर्व निर्धारित क्षतिपूर्ति बापत निर्माण कम्पनी श्री सुनकोशी हलेसि जेभि लाई रु.२,३९,३४४।- (रु.दुई लाख उनान्चालीस हजार तीन सय चयालीस मात्र) असुल गरी दाखिला गर्नुपर्ने विषयको बेरुजुमा छलफल तथा अध्ययन गर्दा निर्माण कम्पनीलाई उक्त बेरुजु आन्तरिक राजस्व खातामा दाखिला गर्नको लागि परिपत्र गरी दाखिला गर्न लगाउने र नगरेको खण्डमा उक्त निर्माण कम्पनीको कार्यालयको धरौटी खातामा मौज्दात देखिएको रु.३,३७,५५४।-(तीन लाख सट्तीस हजार पाँच सय चौवन्न) बाट कट्टा गरी बेरुजु दाखिला गरी फछ्र्यौट गर्नुपर्ने देखिएकोले गाउँ कार्यपालिका मार्फत सभा समक्ष निर्णयार्थ पेश गर्नको लागि अनुरोध गर्ने ।

ड) आ.व.२०७७०/७८ दफा-४१ कार्य तालिका पेश गरेपछि मात्र उक्त कार्यबापतको रकम निर्माण कम्पनीले भुक्तानी पाउने नत्र कट्टा गर्नुपर्ने बोलपत्र सम्झौताको SCC को GCC 34-3 मा उल्लेख भएको तर निर्माण कम्पनी श्री सुनकोशी हलेसि जेभि ले अद्यावधिक कार्यतालिका पेश नगरी उक्त कार्य बापतको रु.२५,०००।- भुक्तानी लिएको रकम असुल गर्नुपर्ने भनी उल्लेख भएको बेरुजु उपर अध्ययन तथा छलफल गर्दा निर्माण कम्पनीलाई उक्त बेरुजु आन्तरिक राजस्व खातामा दाखिला गर्नको लागि परिपत्र गरी दाखिला गर्न लगाउने नगरेको खण्डमा उक्त निर्माण कम्पनीको कार्यालयको धरौटी खातामा मौज्दात देखिएको रु.३,३७,५५४।-(तीन लाख सट्तीस हजार पाँच सय चौवन्न मात्र) बाट कट्टा गरी बेरुजु दाखिला गरी फछ्र्यौट गर्नुपर्ने देखिएकोले गाउँ कार्यपालिका मार्फत सभा समक्ष पेश गर्नको लागि अनुरोध गर्ने ।

ढ) आ.व.२०७७/०७८ दफा-६२ एउटै कार्यालय वा निकायका पदाधिकारी वा कर्मचारी मात्र बैठक बसी भत्ता बुझिलिएको नियमसंगत नदेखिएको भन्ने व्यहोराको रु.२,५४,१५०।-(रु. दुई लाख चौवन्न हजार एक सय पचास मात्र) बेरुजुको सम्बन्धमा अध्ययन तथा छलफल गर्दा चिचिला गाउँपालिकामा गाउँपालिका बाहेकका अन्य सरोकारवाला सरकारी कार्यालयहरू नरहेकोले प्रतिनिधि राख्न नसकिएको साथै विभिन्न ठेक्का लगायतको विभिन्न अत्यावश्यक नबसी नहुने प्रकृतिका बैठकहरू बसेर नै भत्ता बुझिलिएको साथै उक्त खर्चले राज्यलाई कुनै प्रकारको हानी नोक्सानी नभएको देखिएकोले गाउँ कार्यपालिका मार्फत सभामा पेश गरी अनुमोदन गराई बेरुजु फछ्र्यौटको लागि महालेखा परीक्षकको कार्यालय समक्ष पेश गर्नको लागि अनुरोध गर्ने ।

ण) आ.व.२०७८/०७९ दफा ३६- सोझै खरिद भन्ने विषयको रु.१६,६५,५०७।-(सोह लाख पैंसट्ठी हजार पाँच सय सात मात्र) बेरुजुका सम्बन्धमा अध्ययन तथा छलफल गर्दा कार्यालयले नयाँ बनेको प्रशासकीय भवनमा कार्यालय सार्ने प्रयोजनका लागि फर्निचर तथा कार्पेट लगायतका सामान पटक पटक गरी खरिद गर्दा सिमा भन्दा केही बढीको खरिद हुन पुगेको यद्यपि उक्त खरिद कार्यबाट राज्यलाई कुनै हानी नोक्सानी तथा अनियमितता नभएको पाइएकोले गाउँ कार्यपालिका मार्फत सभामा पेश गरी अनुमोदन गराई रु.

...जनबु शेर्पा
अध्यक्ष

CamScanner

१६,६५,५०७।--(सोह्र लाख पैसट्ठी हजार पाँच सय सात मात्र) बेरुजु फछर्यौटको लागि महालेखा परीक्षकको कार्यालय समक्ष पेश गर्नको लागि अनुरोध गर्ने ।

त) आ.व.२०७८/०७९ दफा ५१ - विनियोजन भन्दा बढि खर्च भन्ने विषयको रु.६२,६४०।- (रु.बैसट्ठी हजार छ सय चालीस मात्र) बेरुजुका सम्बन्धमा अध्ययन तथा छलफल गर्दा संघीय सशर्ततर्फ महिला स्वास्थ्य स्वयंसेविकाहरूको लागि बृहत पोषण प्याकेज क्षमता अभिवृद्धि कार्यक्रमको लागि निर्देशिकाले रु.४१,०००।-(एकचालीस हजार मात्र) खर्च गर्न तोकेकोमा कार्यक्रम सञ्चालनको क्रममा भौगोलिक विकटताका कारण महिला स्वास्थ्य स्वयसेविकाहरूलाई खाना तथा बासको समेत प्रवन्ध गर्नु परेको साथै यातायात खर्च समेत दिनुपर्ने बाध्यताका कारण रु.१,०३,६४०।-(रु.एक लाख तीन हजार छ सय चालीस मात्र) खर्च भएको साथै खर्च नियमभन्दा बढी भएको भए तापनि अनियमितता नभएको र सञ्चालन गर्ने क्रममा नै बजेट अपुग भई खर्च हुन गएको पाईएकोले उक्त खर्च गाउँ कार्यपालिकामार्फत सभाबाट नियमित गराई बेरुजु सम्परीक्षणको लागि महालेखा परीक्षकको कार्यालय समक्ष पेश गर्नको लागि अनुरोध गर्ने ।

थ) आ.व.२०७८/०७९ दफा ४७ - प्रधानमन्त्री रोजगार कार्यक्रममा विनियोजित रकम श्रमिकको ज्यालामा मात्र खर्च गर्नु पर्नेमा पाईप खरिद गरिएको नियमसंगत नदेखिएको भन्ने विषयको बेरुजुको सम्बन्धमा छलफल तथा अध्ययन गर्दा पाईप विना उक्त संचाइ संरचना निर्माण गर्दा बदी खर्च लाग्ने तथा उक्त कार्य नियमसंगत नदेखिए पनि उक्त कार्यबाट राज्यलाई घाटा नभई सम्पूर्ण उपभोक्तालाई राहत पुगेको पाईएकोले उक्त बेरुजु रकम सम्परीक्षणको लागि कार्यपालिका मार्फत सभासमक्ष पेश गर्ने ।

द) आ.व.२०७८/०७९ दफा ५७.१ अपाङ्गता पहिचान शिविर सञ्चालन गर्दा यातायात खर्च दोहोरो पेरेको नियमसंगत नदेखिएको रु.१३,५००।- (रु.तेह्र हजार पाँच सय मात्र) बेरुजुको विषयमा अध्ययन तथा छलफल गर्दा उक्त कार्यक्रममा सहजीकरणको लागि ल्याइएका तीन जना श्रोत व्यक्तिलाई भुक्तानी गरिएको प्रति व्यक्ति रु.४,०००।- (चार हजार मात्र) यातायात खर्च विराटनगरबाट चिचिलासम्म आतेजातेको रहेको साथै सोही कार्यक्रममा सवारीचालक होमनाथ पराजुलीलाई भुक्तानी गरिएको रु.१३,५००।-(रु.तेह्र हजार पाँच सय मात्र) चिचिला गाउँपालिका भित्रका विभिन्न वडाहरूमा शिविर सञ्चालन गर्न जाँदाको, करुणा फाउण्डेसन प्रदेश सरकार तथा चिचिला गाउँपालिकाको संयुक्त लगानी तथा साझेदारीमा सञ्चालन भएको कार्यक्रम भएको हुनाले प्रशिक्षकहरूको मात्र नभई साझेदार निकायका कार्यक्रम सञ्चालनको लागि चिचिला आउनुभएका सम्पूर्णको यातायात खर्च भएको र दोहोरो नदेखिएको साथै उक्त खर्चले राज्यलाई कुनै प्रकारको हानी नोक्सानी नभएको पाईएकोले गाउँ कार्यपालिकामार्फत सभाबाट नियमित गराई बेरुजु सम्परीक्षणको लागि महालेखा परीक्षकको कार्यालय समक्ष पेश गर्नको लागि अनुरोध गर्ने ।

ध) आ.व.२०७८/०७९ दफा ५७.२ अपाङ्गता पहिचान शिविर सञ्चालन गर्दा खाना तथा बास खर्च दोहोरो पेरेको नियमसंगत नदेखिएको रु.४९,९५०।- (रु.उनान्पचास हजार नौ सय पचास मात्र) बेरुजुको विषयमा अध्ययन तथा छलफल गर्दा उक्त कार्यक्रममा

अध्यक्ष

सहजीकरणको लागि ल्याईएका तीन जना श्रोत व्यक्तिलाई छुट्टै प्रशिक्षण तथा यातायात खर्च मात्र भुक्तानी गरिएको शिविर सञ्चालन पाँच दिन भएको साथै सहजकर्ताहरूलाई दैनिक भत्ता तथा बास खर्च समेत छुट्टै भुक्तानी नगरिएको र शिविर करुणा फाउण्डेसन प्रदेश सरकार तथा चिचिला गाउँपालिकाको संयुक्त लगानी तथा साझेदारीमा सञ्चालन भएको हुनाले होटल खर्च प्रशिक्षकहरूको मात्र नभई साझेदार निकायका कार्यक्रम सञ्चालनको लागि चिचिला आउनुभएका सम्पूर्णको खर्च भएकोले दोहोरो भुक्तानी भएको नदेखिएको साथै उक्त खर्चले राज्यलाई कुनै प्रकारको हानी नोक्सानी नभएको पाईएकोले गाउँ कार्यपालिका मार्फत सभाबाट नियमित गराई बेरुजु सम्परीक्षणको लागि महालेखा परीक्षकको कार्यालय समक्ष पेश गर्नको लागि अनुरोध गर्ने ।

अध्यक्ष

चिचिला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

चिचिला, संखुवासभा
कोशी प्रदेश, नेपाल

## १६ औं गाउँसभा बैठक उपस्थिति

बैठक मिति: २०८१/०३/०९ बैठक सङ्ख्या: १

बैठक प्रारम्भ समय: १०: ११ बजे बैठक समापन समय: ५:०० बजे

आज मिति २०८१/०३/०९ गते बसेको यस गाउँसभा बैठकको उपस्थिति यसप्रकार रहेको छः–

| क्र.स. | पद | दर्जा | पदाधिकारीको नाम | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| १. | अध्यक्ष | अध्यक्ष | श्री पासाङ नुर्बु शेर्पा | | |
| २. | सदस्य | उपाध्यक्ष | श्री मनकला राई | | |
| ३. | सदस्य | वडाध्यक्ष | श्री पूर्ण कुमार राई | | |
| ४. | सदस्य | वडाध्यक्ष | श्री दिनेश कुमार राई | | |
| ५. | सदस्य | वडाध्यक्ष | श्री जित बहादुर राई | | |
| ६. | सदस्य | वडाध्यक्ष | श्री बाल कुमार तामाङ | | |
| ७. | सदस्य | वडाध्यक्ष | श्री चन्द्रविर राई | | |
| ८. | सदस्य | सदस्य | श्री राजेन्द्र घले | | |
| ९. | सदस्य | सदस्य | श्री इन्द्र बहादुर राई | | |
| १०. | सदस्य | सदस्य | श्री पुष्पा राई | | |
| ११. | सदस्य | सदस्य | श्री तारा कुमारी विश्वकर्मा | | |
| १२. | सदस्य | सदस्य | श्री जुल्मि राई | | |
| १३. | सदस्य | सदस्य | श्री खड्ग बहादुर राई | | |
| १४. | सदस्य | सदस्य | श्री उत्तर बहादुर राई | | |
| १५. | सदस्य | सदस्य | श्री संगिता दर्जी | | |